## बैठक नं.४

आज मिति २०८१ असोज २० गते आइतबार दिनको ३:०० बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| | अध्यक्ष — श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य — श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव — श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य — श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य — श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य — श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य — श्री मिलन सिलवालध | वडाध्यक्ष वडा नं.५ |
| | सदस्य — श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य — श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| | सदस्य — श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य — श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य — श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य — श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य — श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य — श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य — श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य — श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य — श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| | सदस्य — श्री उमा खड्का | कार्यपालिका सदस्य |

| | | |
|---|---|---|
| ________ | सदस्य – श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| ________ | सदस्य – श्री उमा बिशुंके | कार्यपालिका सदस्य |
| | सदस्य – श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| | सदस्य – श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

<u>एजेण्डा</u> :

१. विपद्मा ज्यान गुमाएका प्रति श्रद्धाञ्जली दिने ।
२. राहत वितरण सम्बन्धमा ।
३. सार्वजनिक पूर्वाधार संरचना मर्मत सुधार सम्बन्धमा ।
४. नगरवासीको घरबास मर्मत सम्बन्धमा ।
५. क्षती आंकलन स्थलगत प्रतिवेदन स्वीकार र पुनःनिर्माण सम्बन्धमा ।
६. विपद् जोखिम र क्षती व्यवस्थापनका लागि सहयोग जुटाउने सम्बन्धमा ।
७. विशंखुनारायण स्वास्थ्य चौकीको प्रयोगशाला जाँच शुल्क परिमार्जन सम्बन्धमा ।
८. विविध ।

निर्णय नं.१ २०८१ साल असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण नगरपालिका भित्र २० जनाको मृत्यु भएकोमा मृतकहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दे दिवंगत आत्माको चिरशान्तीको कामना गर्ने र शोकसन्तप्त परिवारजन प्रति समवेदना व्यक्त गर्ने ।

निर्णय नं.२ विपद्का कारण घर पूर्ण क्षती भई नेपालभर अन्यत्र आवास नभएका नगबासीहरुलाई तत्काल राहत प्याकेज उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारीस गरी नगरपालिकाबाट समेत थप राहत वितरणलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.३ विपद्बाट क्षति भएका सार्वजनिक पूर्वाधार संरचना तत्काल सुचारु गर्न वडास्तरबाट भएको प्रयासलाई धन्यवाद व्यक्त गर्दै वडास्तरीय विपद् व्यवस्थापन समितिको सिफारिसका आधारमा नगर विपद् व्यवस्थापन कोषबाट लागत भुक्तानी व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं.४२०८१ साल असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण नगरपालिकामा भएको क्षति र प्राविधिकले तयार गरेको स्थलगत प्राविधिक प्रतिवेदन नगरपालिकाको वेभसाइटबाट डाउनलोड गरी प्राविधिक सहित वडा समितिको बैठकबाट एकीन गरी प्रमाणीत प्रतिलिपी सहित नगरपालिकालाई २०८१ असोज मसान्त भित्र उपलब्ध गराउन वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.५ यस नगरपालिका अन्तर्गत कार्यरत प्राविधिकहरुबाट अनवरण प्रयासबाट तयार पारिएको क्षती आंकलन स्थलगत प्रतिवेदन स्वीकार गर्ने र सम्पूर्ण प्राविधिकहरुलाई धन्यवाद दिने, प्रतिवेदनको विवरण वडास्तरीय सम्बन्धित विपद् व्यवस्थापन समितिबाट एकीन सिफारीस लिई पुनर्निर्माण प्रकृयाका लागि उपयोग गर्ने निर्णय गरियो।

निर्णय नं.६ आसन्न वडादशैं, दिपावली, छठपर्व लगायतका अवसरमा स्वदेश विदेशमा रहनु भएका नगरवासीहरु प्रति सुस्वास्थ्य र दिर्घायूको शुभकामना व्यक्त गर्दै गोदावरी नगरपालिकामा भएको हालसालैको विपद् जोखिम र क्षती व्यवस्थापनका लागि सहयोग जुटाउन आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं.७ **विशंखुनारायण स्वास्थ्य चौकीको प्रयोगशाला जाँच शुल्क परिमार्जन सम्बन्धमा :** छलफल गर्दा वडा नं.२ को कार्यालय एवम् विशंखुनारायण स्वास्थ्य चौकी व्यवस्थापन समितिको सिफारीस बमोजिम विशंखुनारायण स्वास्थ्य चौकीको प्रयोगशाला जाँच शुल्क आगामी हिउँदे नगरसभाबाट अनुमोदन गर्ने गरी परिमार्जन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | हालको शुल्क | परिमार्जन गरिएको शुल्क |
|---|---|---|---|
| १ | Complete Cell Count (CBC, ESR) | रु.२५०।- | रु.२००।- |
| २ | Blood grouping | रु.५०।- | रु.५०।- |
| ३ | Renal Function test | रु.६००।- | रु.२००।- |
| ४ | Liver Function test (Urea, Creatinine) | रु.६००।- | रु.५००।- |
| ५ | Lipid profile | रु.६००।- | रु.४००।- |

...र खड्का ...अधिकृत    ... महर्जन

निर्णय नं.८ विविध

८.१ यस गोदावरी नगरपालिका र निर्माण व्यवसायी श्री M/S K.B.Developer/Orbit Engineering J.V., Gokarneshwor, Kathmandu बीच Construction of Badegaun Primary Health Care Center, Godawari Municipality-14 Thaiba, Contract ID No: Godawarimun/lalitpur/w/NCB/14/079/80 कार्य रकम रु.५,२७,५७,४०३।४५ (भ्याट र PS समेत) मा गर्ने गरी मितिः२०८०/०१/०६ गते संझौता भई निर्माण कार्य भइरहेको र उक्त बाडेगाउँ प्राथमिक स्वास्थ्य उपचार केन्द्र भवन निर्माणको क्रममा प्राविधिक शाखाबाट Variation Order-02 पेश भएको र Variation order-02 बमोजिम उक्त कार्यको शुरु लागत अनुमान रु.५,९७,०२,८३८।०३ (भ्याट र कन्टिन्जेन्सी बाहेक) र संशोधित लागत अनुमान रु.६,७३,५१,२५४।०४ (भ्याट र कन्टिन्जेन्सी बाहेक) भएको देखिन्छ जुन सुरु लागत अनुमान भन्दा १२.८१ प्रतिशत बढी भएको साथै सोही Variation order-02 अनुसार सुरु संझौता रकम रु.४,५८,०३,०११।२४ (भ्याट र कन्टिन्जेन्सी बाहेक) र भेरिएसन पश्चात् कायम हुन आउने रकम रु.५,१५,०६,७२६।३७ (भ्याट र कन्टिन्जेन्सी बाहेक) जुन शुरु संझौता रकम भन्दा १२.४५ प्रतिशत बढी भएकोले ठेक्का संझौताको GCC 45.1(a), GCC 46.6, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) को नियम ११८, उपनियम(२) बमोजिम पेश भएको Variation Order-02 स्वीकृत गर्ने निर्णय गरियो ।

८.२ **विपदमा परेका संरचनाको मर्मतका लागि रकम भुक्तानी गर्ने सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिकामा मिति २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षातका कारण भएको क्षतिलाई मध्यनजर गर्दै नगरपालिकामा बसोबास गर्ने नागरिकलाई क्षति भएको संरचना मर्मत तथा निर्माणका लागि कुल मूल्याङ्कनको १० प्रतिशत तथा अधिकतम २ लाखमा नबढ्ने गरी चालु आर्थिक वर्ष २०८१/०८२ को विपद् व्यवस्थापन शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख